**निर्णयहरू:**

**निर्णय नं.** १: यातायात पुर्वाधार निर्देशनालय, प्रदेश नं. ३, हेटौडाको च.नं. ५८, मिति २०७५।११।१७ को पत्रबाट नगरको कुनै सडकलाई मुख्यमन्त्री ग्रामिण सडक नामाकरण गरी सडकको सुरु र अन्तिम विन्दु तोकी पठाईदिने भनी पत्राचार भएकोमा मेलम्ची नगरपालिका, वडा नं. ११, मेलम्ची बजारबाट सुरु हुने मेलम्ची-कटुन्जे-धुसेनी चौर सडकलाई मुख्यमन्त्री ग्रामिण सडक कार्यक्रम कायम गरी सो को जानकारी यातायात पुर्वाधार निर्देशनालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २:** मेलम्ची नगरपालिकाको कृषि विकास शाखामा माटो परीक्षण प्रयोगशाला स्थापना भई सञ्चालनमा रहेको तर सो को लागि दक्ष स्थायी कर्मचारीको अभाव भएको हुंदा हाल कायम भएको दरबन्दीको अतिरिक्त नेपाल कृषि सेवा, माटो विज्ञान समूहका प्राविधिक सहायक तहको कर्मचारीको दरबन्दी माग गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३:** कृषि ज्ञान केन्द्र, धुलिखेलको सूचना बमोजिम मेलम्ची नगरपालिका भित्र एक वटा नयां अलैची पकेट सञ्चालनको लागि नगरपालिकाको वडा नं. २, भोटेचौर अलैची पकेट क्षेत्र निर्धारण गरी सो को जानकारी कृषि ज्ञान केन्द्र, धुलिखेललाई पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४:** मेलम्ची न.पा.-१, भोटेचौरमा शित भण्डार निर्माणका लागि प्रदेश सरकारको तर्फबाट रु. ५०,०००००।- (पचास लाख) बजेट विनियोजन भएकोमा मेलम्ची नगरपालिकाको मिति २०७५।०९।२६ गतेको नगरसभाबाट भञ्ज्याङ महभीर सडकका लागि विनियोजित बजेट रु. ९९,०००००।- (उनान्सय लाख) बाट निम्न बमोजिमको बजेट रकमान्तर र लागत सहभागीता व्यहोर्ने गरी उक्त शित भण्डार निर्माण गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.सं. | विवरण | बजेट रु |
|---|---|---|
| १ | प्रदेश सरकारबाट | रु. ५०,०००००।- |
| २ | मेलम्ची नगरपालिकाबाट | रु. २५,०००००।- |
| ३ | उपभोक्ताबाट | रु.२५,०००००।- |
| | जम्मा | १,००००००००।- |

**निर्णय नं. ५:** मेलम्ची नगरपालिका घोषणा हुनु पुर्व यस क्षेत्रमा निर्माण सम्पन्न भई सकेका RCC घरहरुको नियमानुसार अभिलेखीकरण गर्ने समय २०७६ साल असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** मेलम्ची नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ को नियम ६ बमोजिम देहाय बमोजिमका कार्यपालिका सदस्यहरुलाई समन्वय समितिमा मनोनयन गर्ने निर्णय गरियो ।

निम्न :

१. कल्पना पहरी

२. आकाश माझी

**निर्णय नं. ७:** बौद्ध बाहुनेपाटी कल्याण योजना परिवार, वुडोल, बनेपाले मेलम्ची नगरपालिकाको वडा नं. ९ कार्यक्रम स्वीकृतिको लागि अनुरोध गरी पत्राचार गरेकोमा उक्त संस्थाको माग बमोजिम १ जनवरी २०१९ देखी ३१ डिसेम्वर २०१९ सम्मको लागि कार्यक्रम सञ्चालन गर्न स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं. ८:** यस नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत अर्पना श्रेष्ठको करार अवधि २०७५ साल पुस मसान्तमा समाप्त भएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा मेलम्ची नगरपालिकाको साझेदारीबाट तलव भत्ता व्यहोर्ने गरी साविक बमोजिमकै करारनामा अनुसार हुने गरी २०७६ साल असार मसान्त सम्म करार सेवा सम्झौताको अवधि थप गर्ने निर्णय गरियो ।